# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७६।०२।१३ गते

# प्रेस विज्ञप्ति

## विषय: आरोप-पत्र दायर गरिएको ।

---------------------------------------------------

काठमाडौं जिल्ला साविक बाडभन्ज्याङ गाविस वडा नं.-३(क) कि.नं.१०१ क्षेत्रफल ९२-२-०-० हाल चन्द्रागिरी नगरपालिकामा पर्ने पाताल तथा ठोट्ने खोला र चिसापानी सामुदायिक वन उपभोक्ता समूहले उपभोग गरिरहेको सरकारी जग्गा मालपोत कार्यालय कलंकीले व्यक्ति विशेषको स्वामित्वमा रहेको सुयल हाउजिङ्ग कम्पनीका नाममा गैरकानूनी रूपमा श्रेस्ता खडा गरी पुर्जासमेत उपलब्ध गराएको भन्ने समेत व्यहोराको उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा भू-माफिया मनोवृत्तिले सयौं रोपनी सरकारी जग्गा व्यक्ति/कम्पनीका नाममा दर्ता गराई लिने खाने बदनियत राखी सुयल हाउजिङ्ग कम्पनी प्रा.लि.का सञ्चालक राम कुमार सुयल थापा समेतले परिपञ्च मिलाई आफ्नै एकाघरकी दिदी मिना कुमारी थापालाई निजको भोगचलन र स्वामित्वमा नै नभएको १२ कित्ता सरकारी जग्गाको जग्गाधनी बनाई उक्त जग्गाहरू लिने दिने गरी घरायसी करारनामाको कागज बनाई उक्त कागजमा कित्ताको क्षेत्रफल तथा लिने/दिने गरेको रकमसमेत उल्लेख नगरी मिना कुमारी थापाको नाममा किर्ते गरी नक्कली जग्गाधनी प्रमाणपूर्जा बनाई अदालतमा पेस गरी मिलापत्रको नाममा मालपोत कार्यालय कलंकीका कर्मचारी समेतलाई अनुचित प्रभावमा पारी गैरकानूनी रूपमा बाडभञ्याङ गाविस ३(क) कित्ता नं.-१०१, क्षेत्रफल ९२-२-०-० को सरकारी जग्गा व्यक्तिको नाममा दर्ता गरी कसुर गर्दाको समयको न्यूनतम सरकारी मूल्याङ्कन अनुसार २,२१,१०,०००।-( दुई करोड एक्काइस लाख दश हजार) मूल्य पर्ने सरकारी जग्गा लिने/खाने उद्देश्यले निजको प्रत्यक्ष संलग्नता र मिलेमतोमा गैरकानुनी कार्य भएको पुष्टि हुन आएको हुँदा आफूहरूलाई गैरकानूनी लाभ तथा नेपाल सरकारलाई प्रत्यक्ष हानि पुऱ्यायाउने बदनियतसाथ सरकारी जग्गा निजी कम्पनीका नाममा जग्गाधनी दर्ता श्रेस्ता खडा गर्ने गराउने कार्यमा संलग्न रहेका मालपोत कार्यालय कलंकीका मालपोत अधिकृत शिवप्रसाद रिमाल र नायव सुब्बा हरी प्रसाद आचार्य, नक्कली जग्गाधनी मिना कुमारी थापा, सुयल हाउजिङ्ग कम्पनीका सञ्चालक रामकुमार सुयल थापा, नक्कली जग्गाधनी मिना कुमारी थापाको वारेस दिपेन्द्र विक्रम शाह, अधिवक्ता बाबुराम (शर्मा) रेग्मी र अधिवक्ता योगेन्द्र पोखरेल उपर देहाय बमोजिमको कसुरमा देहाय बमोजिमको सजायको मागदाबी लिइ आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

| सि.नं. | नामथर | पद | कार्यालय | सजाय मागदाबी |
|---|---|---|---|---|
| १ | शिवप्रसाद रिमाल | मालपोत अधिकृत | मालपोत कार्यालय कलंकी | भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८ को उपदफा (१) र दफा ८ को उपदफा (१) को देहाय(ज) बमोजिमको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम हदैसम्मको सजाय हुन मागदाबी |
| २ | हरी प्रसाद आचार्य | नायव सुब्बा | ,, | ,, |

| सि.नं. | नामथर | पद | कार्यालय | सजाय मागदाबी |
|---|---|---|---|---|
| ३ | मिना कुमारी थापा (नक्कली जग्गाधनी) | - | - | भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८ को उपदफा(४) बमोजिमको कसुरमा भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८ को उपदफा (४) बमोजिम हदैसम्मको सजाय हुन मागदाबी |
| ४ | रामकुमार सुयल थापा | सञ्चालक | सुयल हाउजिङ्ग कम्पनी प्रा.लि. | ,, |
| ५ | दिपेन्द्र विक्रम शाह (मिना कुमारी थापाको वारेस) | - | - | भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा २२ बमोजिमको कसुरमा भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८ को उपदफा (१) ले हुने सजायमा सोही ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्याश बमोजिम सजाय हुन मागदाबी |
| ६ | बाबुराम (शर्मा) रेग्मी | अधिवक्ता | - | भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा २२ बमोजिमको कसुरमा सोही ऐनको दफा ८ को उपदफा (१) ले हुने सजायमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिम सजाय हुन मागदाबी |
| ७ | योगेन्द्र पोखरेल | अधिवक्ता | - | ,, |

(प्रदीपकुमार कोइराला)
प्रवक्ता